म.नि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १७ सोमबार, २९ कात्तिक २०७८ एकादशी ने. सं. ११४२ कछलाश्व 15 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

मधुमेहको निःशुल्क परीक्षण

हेटौंडा/हेटौंडामा विश्व मधुमेह दिवसको अवसर पारेर प्रेसर र मधुमेहको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ ।

९१ जनाले स्वास्थ्य परीक्षण गराएका छन् । हेटौंडा-४, चिल्ड्रेन पार्कमा आइतबार लायन्स क्लब अफ हेटौंडा भुटनदेवी तथा लियो क्लब अफ हेटौंडा भुटनदेवीको आयोजनामा स्वास्थ्य परीक्षण भएको हो । परीक्षणमा सहभागी हुनेहरुलाई खानपान तथा जीवनशैली सुधारको लागि सल्लाह तथा सुझाव दिइएको थियो । साथै मधुमेहको औषधीसमेत निःशुल्क प्रदान गरिएको थियो ।

हेटौंडाको पञ्चमुर्ति आयुर्वेद क्लिनिकले मधुमेह र प्रेसरको जाँच सेवा निःशुल्क उपलब्ध गराएको हो । कार्यक्रममा लायन्स क्लबका अंकिता सुमार्गी, गायत्री श्रेष्ठ, शरिदी श्रेष्ठ, पञ्चमुर्ति आयुर्वेद क्लिनिकका डाक्टर नितेश कुमार गिरी, बन्दना नेपाललगायतको अतिथ्यता थियो ।

वनकरिया बस्तीमा होमस्टे

साझाकुरा संवाददाता

हेटौंडा/देशकै लोपन्मुख जाती वनकरिया समदायमा निर्मित होमस्टे उद्घाटन गरिएको छ । मनहरी गाउँपालिका-४, मुसेधापमा होमस्टे निर्माण गरिएको छ ।

विगतमा जंगलमै बस्दै आएका वनकरियाहरुको व्यवस्थापनमा होमस्टे सञ्चालन गर्ने गरी मनहरी गाउँपालिकाले आज आइतबार उद्घाटन गरेको हो । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले होमस्टेको उद्घाटन गरेका हुन् ।

पूर्वप्रधानमन्त्री डाक्टर बाबुराम भट्टराई बास बसेको घरलाई मनहरी गाउँपालिकाले होमस्टेका रुपमा निर्माण गरेको हो । व्यावसायिक रुपमा सञ्चालन गर्नेगरी करिब ८ लाख रुपैयाँ लागतमा होमस्टे निर्माण गरिएको हो ।

वनकरिया वस्तीलाई पनि पर्यटन प्रवर्द्धन गर्ने सामुदायिक विकासका लागि होमस्टे सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष एकराज उप्रेतीले जानकारी दिए । अध्यक्ष उप्रेतीले नेपालकै लोपन्मुख वनकरियाको अवस्था बुझ्न र हेर्न आउनेलाई बास बसाउन होमस्टे चलाइएको बताए । उनले स्वीजरल्याण्डेखिका पर्यटकहरु वनकरिया समुदायको अध्ययनका लागि आउन लागेकाले होमस्टे सञ्चालनमा ल्याउन जरुरी भएको जनाएका छन् । वनकरिया वस्तीको झल्को दिने होमस्टेको एउटै भवनमा दुईवटा कोठा तयार गरिएको छ ।

घुम्न आउने पाहुनालाई बास बस्न मिल्ने गरी सबै व्यवस्था मिलाउन होमस्टे सञ्चालन गरिएको स्थानीय सन्तोषी वनकरि याले बताइन् । 'होमस्टेका कारण पाहुनाहरुले निश्चित समय निकालेर यहाँको अवलोकन र वनकरिया वस्तीको अध्ययन गर्नपनि पाउँछन् ।

यस वस्तीका वनकरियाहरुलाई आयाआर्जनका लागि थप सहयोगपनि हुनेछ ।,' सन्तोषीले भनिन् । होमस्टेमा वनकरिया वस्तीमा उत्पादन भएको तरकारी, अन्न, फलफूल, खोलाको माछा, स्थानीय घट्टमा पिसेको पीठोका परिकार पाहुनालाई खुवाइने जनाइएको छ ।

विगतमा सहयोगको हात अघि बढाएर दैनिकी चलाउँदै आएका वनकरियाहरु हाल आफै खेतमा तरकारी, फलफूल, मकै र धान लगाएर आत्मनिर्भरतर्फ उन्मुख छन् । वनकरिया वस्तीलाई गाउँपालिकाकै महत्वपूर्ण पर्यटकीय क्षेत्रका रुपमा विकास गरिने मनहरी गाउँपालिकाका अध्यक्ष उप्रेतीले बताए । 'वनकरियाहरुलाई सधै अरुले सहयोग गर्नेभन्दा पनि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लैजाने र उनीहरुलाई आत्मनिर्भर बनाउने हाम्रो योजना छ ।,' उनले भने ।

आदिबासी जनजाती उत्थान प्रतिष्ठान ऐन २०५८ अनुसार वनकरिया जाती नेपालको १० लोपन्मुख जातिमध्ये एक हो । वनकरियाहरुलाई ६ महिना जगंल र ६ महिना बस्तीमा बस्ने जातिको रुपमा चिनिंदै आएको थियो । तर, पछि उनीहरु बस्तीमै नियमित बस्न थालेका हुन् । जगंली तरुल, कन्दमुल, गिठ्ठाभयाकुर खोजेर खाने र जगंलमा नै कष्टकर जीवनयापन गर्ने वनकरियाहरु हाल आफ्नै खेतबारीमा अन्न फलाएर खाने गर्छन् । आर्थिक, सामाजिक र राजनीतिक रुपले पिछडिको वनकरिया समुदायमा थोरै शिक्षित र धेरै अक्षित छन् ।

करिब २३ वर्षअघिसम्म चुरेघाँचको जंगलमा फिरन्ते जीवन बिताउँदै आएका वनकरियाहरु पर्सा वन्यजन्तु राष्ट्रिय निकुञ्जअन्तर्गत मनहरी-४ हाँडीखोलास्थित मुसेधापको कबुलियती वनमा बस्न थालेको धेरै भइसकेको छ । सीमान्तकृतहरुलाई आवास दिने उद्देश्यको कार्यक्रम जनता आवास कार्यक्रमबाट वनकरि याहरु बञ्चित हुँदै आएका छन् ।

आफ्नो नाममा जग्गा नभएपछि जनता आवास कार्यक्रमअन्तर्गत उनीहरुको पक्की घर नबनेको हो । मुसेधापमा ९७ जना वनकरिया बस्छन् । उनीहरुले प्रतिव्यक्ति दुई हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ता पाउँछन् ।

त्रिखण्डेश्वरमा आज मेला

साझाकुरा संवाददाता

हेटौंडा/आज हरिबोधनी एकादशी । हरेक वर्षझैं यसवर्ष पनि मकवानपुरको भीमफेदी गाउँपालिका स्थित त्रिखण्डेश्वर महादेव मन्दिरमा मेलाको तयारी तीव्ररुपमा अगाडि बढाइएको छ । त्रिखण्डेश्वर महादेव मन्दिरका साथै मकवानपुरलगायतका विभिन्न महादेवको मन्दिरमा आज मेला लाग्ने गर्दछ ।

भीमफेदी गाउँपालिका-१ मा अवस्थित त्रिखण्डेश्वर महादेव मन्दिरमा लाग्ने मेला जिल्लाकै सबैभन्दा ठूलोमध्ये एक हो । मन्दिर का सेवक लक्ष्मण दाहालका अनुसार यसवर्ष स्थानीयको सक्रियतामा समिति नै बनाएर मेलाको तयारी पूरा गरिएको छ । अघिल्ला वर्षहरुमा स्थानीयको सहयोगमा मन्दिरकै अग्रसरतामा मेला आयोजना हुँदै आएको यसवर्ष स्थानीयकै संयोजकत्वमा समिति बनाएर मेलाको तयारी गरिएको हो ।

मन्दिर क्षेत्र सरसफाइमा नेपली सेनाले सहयोग गरेका छन् । मन्दिर क्षेत्रमा रंगगर्ने, सरसफाई लगायतको काम भएको सेवक तथा मेला सञ्चालन समिति सदस्य समेत रहेका दाहालले बताए । उनका अनुसार मन्दिर क्षेत्रमा आजका दिन मदिरा तथा मासुजन्य खानेकुरा विक्रीवितरणमा समेत रोक लगाइएको छ ।

मेलाको आवश्यक तयारीको क्रममा स्थानीय प्रशासन र प्रहरीसँग आवश्यक सहयोग हुने जनाइएको छ । मदिरा विक्री वितरणले गर्दा अनावश्यक झगडा हुने सम्भावना भएकाले हरेक वर्ष मेलामा मासु तथा मदिरा निषेध गर्ने गरिएको छ ।

हरिबोधनी एकादशीको दिन मकवानपुरका मासु व्यवसायीले माछामासु काट्ने तथा बेच्न बन्द गर्ने गरेका छन् ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको राजीनामा माग्दै हेटौंडास्थित उच्च अदालत पाटन, हेटौंडा इजलास र कास्की जिल्ला अदालत परिसरमा आइतबार कानुन व्यवसायीले धर्ना दिएका छन् । नेपाल बार एशोसिएसनको केन्द्रीय आन्दोलनका कार्यक्रमअन्तर्गत कानुन व्यवसायीले धर्ना दिएका हुन् ।

'सरकारमा गफ गर्न आएका होइनौं'

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा (एकिकृत समाजवादी)का स्थायी समिति सदस्य एवं स्वास्थ्य मन्त्री विरोध खतिवडाले आफ्नुहरु गफ गर्न सरकारमा नआएको दाबी गरेका छन् ।

मकवानपुरको इन्द्रसरोवर गाँउपालिकामा आइतबार पार्टीको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै मन्त्री खतिवडाले भने, 'हामी गफका लागि आएका होइनौं, विगतको सरकारले गरेको विकृतिलाई हटाउँछौं, जुन काम सुरु समेत भइसकेको छ ।' मन्त्री खतिवडाले प्रत्येक वडामा आधारभुत स्वास्थ्य चौकी र हरेक पालिकामा एउटा अस्पताल बनाउने र जनतालाई स्वास्थ्यमा सहज रुपमा पहुँच दिने गरी सरकारले योजना बनाइरहेको समेत बताए ।

'विगतको सरकारले बजेट, डिपीआर र अस्पताल कहाँ बनाउने भनेर जग्गाकै सुनिश्चीत नहुँदा समेत एकै दिन सबै पालिकामा अस्पताल शिलान्यास भनेर प्रपोगान्डा गरेको थियो, हामी चाँही जहाँ जहाँबाट यि तिन कुराको सुनिश्चितता सहित आवेदन आँउछ, त्यहाँ तत्काल पैसा पठाएर अस्पताल निर्माण सुरु गर्छौं ।' मन्त्री खतिवडाले भने ।

कुन्साङ लामाको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एकिकृत समाजवादी केन्द्रीय निर्वाचन आयोगका सदस्य रामचन्द्र बललगायतको आतिथ्यता रहेको थियो ।

सहिद प्रतिष्ठान पार्टीको हैन सबैको बनाऔं: *मन्त्री मोक्तान*

हेटौंडा/बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले सहिद प्रतिष्ठानहरु कुनैपनि पार्टीको नभई सबैले अपनत्व गर्ने बनाउनु पर्नेमा जोड दिएकी छन् ।

मुक्ती आन्दोलनमा ज्यानको आहूति दिने सहिदप्रति सबैले स्मरण गर्नुपर्ने मोक्तानले बताइन् । पार्टीले सबै सहिदको नाममा प्रतिष्ठान बनाउन नसकेकोले केही सहिदका नाममा स्थापित प्रतिष्ठानहरुले सबै सहिदको सम्बोधन हुने गरी काम गर्नुपर्ने मन्त्री मोक्तानको भनाइ छ ।

'सहिद स्मृति प्रतिष्ठानलाई सबैले अपनत्व महसुस गर्ने किसिमको बनाउनस पर्छ ।,' उनले भनिन् । आइतबार हेटौंडा उपमहानगरपालिका-१२, सहिद एकनाथ सुवेदी (आकाश) स्मृति प्रतिष्ठान, नेपालको कार्यालय उद्घाटन गर्दै मन्त्री मोक्तानले सहिद स्मृति प्रतिष्ठानहरु एउटा पार्टीको भन्दा पनि सबैले अपनत्व गर्ने खालको हुनुपर्ने बताइन् । स्वतः स्फूर्त रुपमा सहिदका नाममा प्रतिष्ठान स्थापना हुनु सकारात्मक भएको उनले बताइन् । बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले राम्रोसँग काम गर्न प्रतिष्ठानलाई सुझाव दिएका छन् ।

कार्यालय उद्घाटन प्रतिष्ठानका सल्लाहकार कृष्णकुमारी सुवेदी (कमला)को सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा अनेरास्वियु (क्रान्तिकारी)का पूर्व उपाध्यक्ष विजय गौतम, हेटौंडा-१२, का वडा अध्यक्ष ललित घलान, सदस्य भुवन खनाल लगायतको आतिथ्यता थियो । प्रतिष्ठान २०७७ सालमा स्थापना भएको थियो ।

बिरोधमा प्रम देउवाको पुत्ला दहन

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एमाले निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन अनेरास्वियुले हेटौंडामा प्रधानमन्त्री शेरबहादुर देउवाको आइतबार पुत्ला दहन गरेको छ ।

नेपाल आयल निगमले इन्धनमा मूल्य बढाएको विरोधमा अनेरास्वियुले आइतबार बिहान मकवानपुर बहुमुखी क्याम्पसको गेट आगाडि प्रधानमन्त्री देउवाको पुत्ला दहन गरेको हो ।

सरकारको स्वामित्वमा रहेको निगमले सरकारको निर्देशनमा इन्धनको मूल्य वृद्धि गरेको विरोधमा पुत्ला दहन गरेको अनेरास्वियु मकवानपुर बहुमुखी क्याम्पस संयोजक आशिष कुमार रौनियारले बताए । यसैगरी निगमको कदमको विरोधमा अनेरास्वियुले शनिबार हेटौंडामा मसाल जुलुस प्रदर्शन गरेको थियो ।

नेपाल आयल निगमले हालै इन्धनको मूल्य बढाएको विरोधमा हेटौंडामा मसाल जुलुस सहित विरोध प्रदर्शन भएको छ । नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्वियु मकवानपुरले नेपाल आयल निगमले इन्धनमा गरेको मूल्य वृद्धिको विरोधमा हेटौंडामा मसाल जुलुस प्रदर्शन गर्दै विरोध गरेको हो ।

शनिबार साँझ हेटौंडा-५ मा रहेको नेकपा एमाले मकवानपुरको पार्टी कार्यालयबाट मसाल सहित निस्किएको जुलुस हेटौंडाको मुख्यचोक बुद्धचोकमा आएर कोणसभा परिणत भएको थियो । जुलुसमा विद्यार्थीहरुले 'इन्धनमा बढाएको मूल्य तुरुन्त फिर्ता गर' ,भ्रष्ट सरकार मुर्दाबाद जस्ता नारा लगाएको थिए ।

छोटो मार्गमा टाइम कार्ड लागु

साझाकुरा संवाददाता

हेटौंडा/आइतबारबाट दुर्घटना न्यूनीकरणका लागि छोटोमार्ग हेटौंडा-भीमफेदी-कुलेखानी-फाखेल-सिस्नेरी सडक खण्डमा टाइम कार्ड लागु गरिएको छ ।

उक्त सडकखण्ड भएर चल्ने भाडाका सुमो र बोलेरो जिपलाई आइतबारबाट टाइम कार्ड लागु गरिएको हो । भीमफेदीदेखि फाखेलसम्म २७ किलोमिटरको दुरी र भीमफेदीदेखि सिस्नेरी सम्मको २८ किलोमिटर दुरीमा टाइम कार्ड लागु गरिएको मकवानपुर ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक प्रकाश पाण्डेले बताए ।

दुई खण्डमा १ घण्टा ३० मिनेटको समय निर्धारण

उक्त दुरी सुमोलाई पुग्न १ घण्टा ३० मिनेटको समय निर्धारण गरिएको छ । निर्धारण गरिएको समय भन्दा छिटो पुगेका सुमोलाई कारवाही गरिने ट्राफिक प्रमुख प्रहरी निरीक्षक पाण्डेले बताए ।

उक्त मार्गमा सवारी दुर्घटना बढेसँगै मकवानपुरका प्रजिअ भरतमणी पाण्डेले सरोकार वालाहरुसँग छलफल गरेर दुर्घटना न्यूनीकरणका लागि टाइम कार्ड लागु गर्ने निर्णय गरेका थिए । उक्त मार्ग भएर दैनिक १ सय भन्दा बढी सुमो काठमाडौं जाने आउने गर्दछन् ।

कर्मचारी आवश्यकता

यस मकवानपुर साझा यातायात प्रा.लि.को लागि निम्न बमोजिम कर्मचारीहरु आवश्यक परेको हुदा सम्बन्धित काममा अनुभव र हेटौंडा बजार क्षेत्रका व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

- पद : चालक (२ जना)
- उमेर : ३५-४५ वर्षसम्म, हेभी लाइसेन्स भएको र कम्तिमा ५ वर्षको अनुभव
- पद : कन्डक्टर (१ जना महिला/पुरुष)
- उमेर : २५-३५ वर्षसम्म
- तलब/भत्ता : आपसी समझदारीमा

साथै, साझा बस फोल्डिङ सिट भएको, सुमो स्कार्पियो, बोलेरो सुपथ मुल्यमा रिजर्भ/भाडामा उपलब्ध छ ।

सम्पर्क:
९८५५०६८८७३, ९८४५४५७५०७

साझाकुरा

हाम्रो कुरा

बढ्दो चिसो, न्यून सजगता

यसवर्षको जाडो सुरु भइसकेको छ । विगतमा मंसिरको अन्त्यदेखि चिसो बढ्ने गरेकोमा यस वर्ष मंसिरको सुरुवातबाटै अधिकांश भागमा चिसो बढेको छ । जाडो, गर्मी र वर्षात् नियमित फेरिने मौसम नितान्त प्रकृतिका उपज हुन् । जाडोयाममा चिसो बढ्नु प्राकृतिक नियम नै हो । पर्यावरणसँग सम्बन्धित यस्ता परिस्थितिलाई रोक्न वा कम गर्न सक्दिँदैन । तर, यसबाट बच्न र बचाउन भने सकिन्छ, जसका लागि पर्याप्त सजगता र पूर्वतयारी आवश्यक हुन्छ । आर्थिक हिसाबमा अत्यन्तै कमजोर वर्ग नै जाडोयाममा चिसोका मारमा पर्दछन् ।

अबको करिब दुई महिना देशैभर बढ्ने चिसोले गरिब, निमुखा नेपालीले कष्टकर जीवनयापन गर्नुपर्ने हुन्छ । भौगोलिक अवस्थितिका कारण हिमाली भागमा चिसो बढी हुने भए पनि चिसोबाट मुलुकको तराई क्षेत्र बढी प्रभावित हुने गरेको छ । मध्ये तराईका सप्तरी, धनुषा, महोत्तरी, सिराहा, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, कपिलबस्तु, बाँके आदि जिल्लामा चिसोको प्रभाव बढी पर्ने गरेको छ । यी जिल्लाहरुमा विगत वर्षमा चिसोका कारण दर्जनौं मानिसको प्राण गएको यथार्थलाई मनन गरी यस वर्षको जाडोयाममा चिसोबाट बच्न सजगतासँगै आवश्यक सहयोग पुऱ्याउनु पर्ने देखिन्छ । जाडोयाम बढ्ने चिसोका कारण विभिन्न रोगहरुको संक्रमण हुने गर्दछ । चिसोबाट न्यून आय भएका परिवारका ज्येष्ठ नागरिक र बालबालिका बढी प्रभावित हुन्छन् । चिसोको वृद्धिसँगै मानिसको जीवन कष्टकर बन्दै जान्छ । लोककल्याणकारी राज्यका लागि गरिब जनताको प्राण चिसोकै कारण जानु गम्भीर विषय हो । चिसोबाट बच्न जनसाधारणले अपनाउनुपर्ने प्रक्रियाको बारेमा सामान्य जनचेतना जगाउनेतिर पनि विगतमा सरकारी निकाय तथा सरोकारवाला पक्षहरु क्रियाशील नहुँदा चिसोका कारण मानिसको मृत्यु हुने गरेको स्पष्ट छ । त्यसैले चिसोका कारण मुलुकभित्र कुनै नागरिक मृत्युको मुखमा पर्नु हुँदैन, सम्बद्ध सम्पूर्ण पक्ष गम्भीर बन्नैपर्छ । हुनेखानेका लागि ठन्डी रमाइलो मौसम भए पनि हुँदाखानेका निम्ति भने कठोर कालतुल्य समय बन्दछ ।

आर्थिक हिसाबमा दीनहीन अवस्थामा रहेका आम नेपालीसँग चिसोसँग संघर्ष गर्न अरु कुनै उपाय नहुनु अहिलेको मूल समस्या हो । जाडो, त्यसमाथि भोको पेटमा कठ्याङग्रिनुपर्ने विवशताबाट आम नेपाली संघीय गणतान्त्रिक व्यवस्थामा समेत मुक्त हुन नसक्नु उदेकको पक्ष बनेको छ । भोजनको अभाव र तातोका लागि न्यानो लुगा तथा ताप्ने दाउरा नभएका कारण जाडोयाम विपन्न परिवार टुलुटुलु काल नाचेको हेर्न बाध्य हुन्छन् । आफ्ना हरेक नागरिकको संरक्षण गर्नु राज्यको दायित्व हो, त्यसमा पनि अझ प्रतिकूल प्रकृतिसँगको संघर्ष साझा संघर्ष भएकाले यसमा राज्यले गम्भीरतापूर्वक ध्यान दिनुपर्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५१८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बडबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२५८७, ९८४५९१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५
बारुण यन्त्र:	साझाकुरा १०९८
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि!
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७८ कात्तिक ३० गते मंगलबार १६ नोभेम्बर २०२१ । कात्तिक शुक्ल द्वादशी । कछुलाभ्व द्वादशी ११।४१ । सूर्योदय ६:२५ र सूर्यास्त ५:११ मा हुनेछ । अन्तर्राष्ट्रिय सहनशीलता दिवस ।

आजको राशिफल

मेष	: आफन्तजन भेट	तुला	: अध्ययनमा बाधा
वृष	: भित्रजन भेट	वृश्चिक	: धन प्राप्ति
मिथुन	: प्रेममा सफलता	धनु	: शत्रुबाट मुक्त
कर्कट	: शुभ कार्यको थालनी	मकर	: धन नष्ट
सिंह	: सुख प्राप्ति	कुम्भ	: मिष्ठान्न भोजन
कन्या	: यात्राको योग	मीन	: आलश्यता

एनआरएनए : निल्नु न ओकल्नु !

विजय घिमिरे

सन् २००३ मा विदेशमा बस्ने नेपालीको संस्था एनआरएनए गठन भएपछि विदेशमा बस्ने नेपालीले पहिचान त पाए तर अहिले यो पहिचान 'निल्नु न ओकल्नु' हुनेपुगेको छ । एनआरएनए अभियानबाट केही व्यक्तिले फाइदा त लिए तर संस्था अहिले भद्रगोल भएको छ । केही साताअघि गैरआवासीय नेपाली संघ (एनआरएनए) केन्द्रीय समितिको बैठक हुँदैथियो । त्यसमा सहभागी कुल आचार्यले संस्थामा ठूलो समस्या आएको अभिव्यक्ति दिए ।

यो सुनेपछि अध्यक्ष कुमार पन्तले कुललाई प्रश्न गरे - समस्या छ भन्नुहुन्छ समाधान के हो त त्यो पनि भन्नुहोस् न ? अध्यक्षको प्रश्नमा कुलले कुनै उपाय सुझाउन सकेनन् । किनभने उनीसँग समस्या छ भन्नुबाहेक समाधानको कुनै उपाय थिएन । कुल आचार्यले आउने कार्यकालका लागि पनि एनआरएनएको अध्यक्ष पदका लागि उमेदवार बन्ने घोषणा गरेका छन् । दुई वर्ष पहिले पनि अध्यक्ष पदमा उमेदवारी दिई थोरै मतले पराजित भएका थिए । दुई वर्षअघि काठमाडौंको हायात होटलमा आयोजित एनआरएनए विश्व सम्मेलनमा नै भद्रगोल भएको थियो । त्यहाँ प्रहरीसमेत प्रयोग गर्नु पर्यो । यस घटनाले एनआरएनएभित्र समस्या आउने दिनमा अझ बढ्छ भन्ने देखाइसकेको थियो ।

गत चुनावमा हायात होटलमा विदेशमा बस्ने नेपालीमात्र आएका थिएन् आफ्ना उमेदवारलाई जिताउन भन्दै एनआरएनएसँग असम्बन्धित धेरै व्यक्ति पुगेका थिए । अध्यक्षका प्रत्याशी कुलले पनि आफ्नो जितका लागि नेपालको राजनीतिक पार्टी नेपाली कांग्रेसको सहारा लिएका थिए । त्यसबाहेक उनले अर्को क्षमता देखाउन सकेका थिएनन् । कांग्रेसलाई उपयोग गर्न सफल पनि भए । त्यही कारण हायात होटलमा नेपालमा बस्ने राजनीतिक नेता र कार्यकर्ता पनि पुगे । गैररागनीतिक संस्थाको चुनावमा राजनीतिक कायकर्ता जम्मा भएपछि लफडा हुने नै भयो । काठमाडौंमा बस्नेदेखि जिल्लासम्मका राजनीतिक पार्टीका कार्यकर्ता हायातमा भेटिएका थिए । एनआरएनएमा यसरी राजनीतिलाई ठाउँ दिनु गलत थियो ।

जेनतेन चुनाव भयो । भेला सकियो । तर, त्यहाँ कार्यसमितिले हायातको भद्रगोलको सही विश्लेषण गर्न सकेन । सल्लाहकार, प्रवक्तादेखि आईसीसी सदस्यलगायतका पदमा नियुक्त गर्दा गल्ती गर्यो । यस्ता पदमा एनआरएनएलाई मार्ग निर्देश गर्ने क्षमता राख्ने, भद्रगोलबाट बाहिर निकाल्न सल्लाह दिन सक्नेलाई योग्य व्यक्ति राख्नुपर्थ्यो । तर, भएन ।

विवाद र भद्रगोल अझ बढाउन भूमिका खेल्ने व्यक्ति आए । त्यसपछि हायातको जस्तै अवस्था अमेरिका पुग्यो । यूरोप पुग्यो । अन्य देशमा सर्यो । अन्तिममा अहिले आएर एनआरएनएले तोकिएको समयमा चुनावसमेत गर्न सकेन । गलत व्यक्ति, नेतृत्व भएपछि आउने नतिजा यही भद्रगोल नै थियो । पहिले अक्टोबरको कार्यतालिका सारेर कार्यसमितिले नोभेम्बर महिनासम्म चुनाव गर्ने भनेको थियो । त्यो पनि नहुने भएको छ ।

दुई वर्षमा कुल आचार्यले आफुलाई सुधार गरेनन् । कांग्रेस पार्टीलाई अझ आफ्नो पक्षमा खडा हुन लगाए । अर्को एमाले पार्टी आउने नै भयो । अध्यक्ष केपी ओलीले यसमा 'जोक' गर्न सुरु गरे । यो अहिलेको भद्रगोलको यथार्थ हो । विदेशमा करिब ५० लाख नेपाली छन् । यसमध्ये कतिका परिवार नेपालमा छन् । यस आधारमा राजनीतिक पार्टीले विदेशमा बस्ने नेपालीप्रति चासो राख्नु स्वाभाविक हो ।

एनआरएनए नेतृत्वले यो चासोलाई सकारात्मक रुपमा लिई विदेशमा बस्ने नेपालीको हितमा उपयोग गर्न सक्थ्यो । यसले पैरवीमा सहयोग नै पुग्थ्यो । तर, यसतर्फ नेतृत्वले ध्यान दिएको छैन । एनआरएनएको संस्थागत हैसियत खासै ठूलो छैन । करिब ५० लाख नेपाली विदेशमा बस्ने भए पनि एनआरएनएको सदस्य संख्या १ लाख ५ हजारमात्र छ । चुनावमा करिब ३५ सय प्रतिनिधि सहभागी हुन्छन् । अध्यक्षमा चुनाव जित्न करिब १२ - १३ सय भोट भए पुग्छ । यो सदस्य संख्याले एनआरएनएले विदेशमा बस्ने सबै नेपालीको प्रतिनिधित्व गर्दैन । नेतृत्व नै सबै त होइन नि । एनआरएनएको सदस्य नभएपनि धेरैको संस्थाप्रति विश्वास थियो । तर, अहिले यो विश्वास घटिरहेको छ ।

आफ्नो पार्टी समर्थकले अध्यक्ष जितेमा विदेशमा बस्ने नेपाली कांग्रेसको पक्षमा आउँछन् भन्ने भ्रममात्र हो । विदेशमा बस्ने नेपालीले कर्मथलोसम्म पुग्दा कैयौं हन्डर खाएका छन् । यो हन्डरले सिकाएको पनि छ । अरबमा पसिना चुहाउँदा होस् वा अमेरिकामा रेस्टुराँको किचनको रापमा बस्दा उनीहरुको मनमा धेरै कुरा खेलेको हुन्छ । नेपाल किन सुधिँदैन । किन विदेशमा जस्तो चिल्ला सडक भएनन्, सरकारी अस्पताल स्कुल किन त्यस्ता लथालिङ्ग खालका छन् ।

धेरैको गुनासो हुन्छ देशमा योग्य राजनीतिक नेता नै भएन । नेता, ठाठाबाठा कार्यकर्ता र शक्तिकेन्द्रमा हुने जब विदेश आउँछन् केही व्यक्ति एयरपोर्टसम्म लिन पुग्छन् । उनीहरुलाई घुमाउँछन् । नेपाल पुग्दा भेटघाट गर्छन् । यही आधारमा एनआरएनएमा राजनीति भएको छ । तर, वास्तविकता यही भने होइन । यसले विदेशमा बस्ने सबै नेपालीको प्रतिनिधित्व गर्दैन । सन् २००३ मा एनआरएनए खोल्नुको मुख्य उद्देश्य विदेशमा बस्ने नेपालीको पक्षमा लबिङ गर्ने भन्ने थियो ।

त्यसले यो अभियानका रुपमा आएको थियो । यो अभियानले विदेशमा बस्ने नेपालीलाई पहिचान त दियो तर त्यतिबेलै उठेका विषय भने अहिलेसम्म पूरा भएका छैनन् । एनआर एनएको उद्देश्य विदेशमा बस्ने नेपालीको पक्षमा लबिङ गर्नमात्र हो । समाजिक सेवा भन्नु त 'बकवास' मात्र हो । यस संस्थामार्फत समाजिक सेवा हुँदैन । एनआरएनएले संस्थागतरुपमा बनाएको एउटा वृद्धाश्रमसमेत आफूले चलाउन सकेको छैन । रगत संकलन गर्ने बस गुडेको समाचार आएको छैन । संस्थागतरुपमा समाजिक सेवामा जहाँ हात हालेको छ, अधिकांश असफल छन् । विदेशमा बस्ने नेपालीले व्यक्तिगतरुपमै गरेका काम बरु अपेक्षकृत सफल छन् । विदेशमा बस्ने नेपालीका समस्या कम छैनन् । नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलबाटै समस्या देखिन्छ । नेपाल जाँदाआउँदा एयरपोर्टमा दुःख नपाएका कमै होलान् । नेपालमा लगानी गर्न खोज्यो भने त्यहीं समस्या आउँछ । नेपाली नागरिकताको निरन्तरता गर्दा देशलाई फाइदाबाहेक केही छैन । त्यसमा राजनीतिक तहदेखि जनस्तरसम्म भ्रम छ । लालबाबु पण्डितजस्ता व्यक्तिका गलत कुरा धेरैले पत्याए । तर, एनआरएनएले त्यसको सही रुपमा प्रतिवाद गर्न सकेन ।

एनआरएनएभित्र अहिले चुनाव र राजनीतिमात्र छ । संस्थाको मुख्य उद्देश्य विदेशमा बस्ने नेपालीका पक्षमा गर्नुपर्ने लबिङ हुनसकेको छैन । त्यसले संस्थाले धेरै निकाल्ने विश्वास गुमाउँदै गएको छ । बढ्दो हस्तक्षेप गरे भने एक दिन कांग्रेस, एमालेलगायत अहिलेका अन्य राजनीतिक पार्टीप्रति पनि विदेशमा बस्ने नेपालीको विश्वास टुट्ने छ । राजनीतिक पार्टीले यो बुझ्दा हुन्छ । चुनावको विवादले विदेशमा बस्ने नेपालीका मुद्दा त पछि परे नै एनआरएनएले अगाडि बढाएको महत्वाकांक्षी १० अर्बको सामूहिक लगानी कोषसमेत संकटमा पर्न थालेको छ ।

विदेशमा बस्ने नेपालीको पैसा उठाएर नेपालमा लगानी गर्ने उद्देश्यले ल्याइएको यो कोष अहिले सुरुको चरणमा छ । सरकारले समेत ५० करोड रुपैयाँ हाल्ने भनेको यस कोषमा अहिले कार्यकारी प्रबन्धक र सञ्चालक समिति गठन भएको छ ।

तर, अहिलेको विवाद र भद्रगोलले कोषले पैसाजम्मा गर्नसकेको छैन । पैसा लगानी गर्छौं भन्ने कतिपयले रकम पठाएका छैनन् । फलस्वरुप, समय थप गर्नुपरेको छ । धेरैमा यस्तो भद्रगोलमा पैसा हाल्ने कि नहाल्ने भन्ने प्रश्न छ । कोषले उद्देश्यअनुसार काम गर्न सर कार, राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेञ्जलगायतमा लबी गरेर अनुकूल नीतिनियम बनाउनपर्ने अवस्था छ । तर, संस्थाको भद्रगोलले यो सबै पछि परेका छन् ।

- बाह्रखरी

'राई !' सम्मेलनका प्रतिनिधिहरूलाई सुझाव

निनाम कुलुङ 'मंगले'

कात्तिक २७, २८ २९ गते काठमाडौंमा 'तेस्रो अन्तर्राष्ट्रिय राई सम्मेलन' भइरहेको छ । जानकारीमा आएअनुसार सो सम्मेलनमा १९ देशका राई प्रतिनिधि, राईका विषयविज्ञ, राई बुद्धिजीवी, राई प्राज्ञ, राई जाति हुनैपर्छ भन्ने अभियन्ता तथा नेपालका प्रदेशस्तर र विभिन्न जिल्ला तह र इकाईका राई प्रतिनिधिहरूले भाग लिँदैछन् । हुन त बेलायतमा हुने भनिएको राईको तेस्रो सम्मेलन किन त्यहाँ नभएर वा गर्न नसकेर नेपालमा भयो ? सोको भित्री रहस्यबारे केही नलेखौं ।

त्यसो त विगत २१/२१ वर्षदेखि 'राई जाती हो र राई कदापि जात होइन' भनी भित्रभित्रै बहस र छलफल भइरहेको थियो । अहिले आएर त यो बहस सतहमै आएको छ । त्यसमाथि अहिले हुँदै गरेको १२औं राष्ट्रिय जनगणनामा जातमा राई लेखौं, भन्ने र राई नलेखेर 'आठपहरिया, कुलुङ, खालिङ, चाम्लिङ, जेरो, थुलुङ, बान्तावा, बाहिङ, मेवाहाङ, याम्फु, साम्पाङ आदि लेखौं, लेखाउँ भन्ने अभियान पनि सँगसँगै चलेको छ । यस क्रममा कतिपय अवस्था एकआपसमा अस्वथ्य प्रतिस्पर्धा र हिलो छुयापा-छ्यापको अवस्था पनि देखिएको छ । जस्तै 'राई !' जाती हो भन्ने पक्षले 'राई !' जात वा जाति होइन भन्ने पक्षलाई विदेशीले दिने पैसा (सजिलो भाषा बुझ्ने विदेशी डलर) खानलाई मात्रै 'राई !' फुटाउन लागेको भन्नेसम्मको आक्षेप लगाउने गरेका छन् ।

डलर, क्रोन, येन, भाए, पाउन्ड, फ्रैंक, रुबल, रेन्मिबी, दिनार, रियाल, भाट, रिंगेट, पेसो, टाका, रुपिहा:, गिल्डर, लिरा, युरो आदि विदेशी पैसा 'राई जाती हो !' भन्नेहरू नै 'एक जाति राई, २८ भाषी राई !' को नामभा चन्दा संकलन गरेर, आर्थिक सहयोग उठाएर, राईको भाषाको उत्थान गर्ने, राईको जातिगत विकास गर्ने, राई संस्कार, संस्कृति, भेषभुषा आदि जगेर्ना र प्रवर्धन गर्ने नामभा विदेशमा दुःख-जिलो गरेर बसेका किरातीहरूको रगत, पसिना बगाएर कमाएको रकमबाट गाँस काटेर पठाएको पैसाले केही बिचौलिया प्रवृद्धिका व्यक्तिहरू मोटाइरहेका छन्, यो धुव-सत्य हो । तर, 'राई जात वा जाति होइन' भन्ने पक्षलाई डलर खान मात्रै राई फुटाउन अटिका हुन् भन्ने आरोप लाग्ने गरेको छ ।

तर, 'राईबारे वास्तविकता के हो ? भनी तथ्य, प्रमाण, आधारसहित हामी राई जात होइन भनिरेहका छौं । जसका लागि विगतमा राई भएका व्यक्तिहरू वा उनीहरूका जेठो छोरो (जेठो छोरो भन्नुको मतलब जसरी राजाको जेठो छोरो मात्रै राजा हुन पाउँथ्यो, त्यसरी नै राईको जेठो छोरो मात्रै राई हुन पाउँथे), अझैं पनि पनि त्यस्ता राईका जेठो छोरोहरू स्वयं जीवित छन् । साथै राईका सम्बन्धमा अध्ययन-अनुसन्धान, खोज गरेर देशी तथा विदेशी लेखकहरूले लेखेको लेखोट, किताब आदि प्रशस्ती छन् । तर, सो सम्बन्धमा अध्ययन नगरेर वा गरेर पनि केही थाहा नभएझैं गरेर कुलुङ जातिका र किराती महाजातिभित्रका अन्य अभियन्ताहरूलाई विदेशी (डलर) पैसो खाएको वा खानलाई मात्रै राई फुटाउन अटिको भनी आरोप लगाउने गरेका छन् । त्यसैले यहाँ 'तेस्रो राई सम्मेलनमा भाग लिन प्रतिनिधि भएर आउनुभएका विभिन्न १९ देशका राई प्रतिनिधि ज्युहरूलाई यो छोटो लेखमार्फत विशेष अनुरोध के छ भने, हामीले (कुलुङ जातिका अगुवा र, अन्य किराती महाजातिभित्रका अन्य अभियन्ताहरूले) केकति कारणले राई जात वा जाति होइन भनेका हौं ? भन्ने बारेमा हाम्रो कुरोलाई नपत्याएता पनि विभिन्न इतिहासकार, खोज-अनुसन्धानकर्ता, विद्वान तथा लेखकहरूले लेखेको किताबको केही सन्दर्भ स्रोतहरू तल उल्लेख गरेको छ ।

हजुरहरूले पढ्नुहोला, बुझ्नुहोला भन्ने आशा लिएको छु । साथै तलको सूची पढेपछि तपाईहरूले आ-आफ्नो धारणा पनि अवश्य नै बनाउनुहोला भन्ने आशा लिएको छु । किनभने, 'नेपाललगयत अल्पविकशित वा भनौं कम विकसित देशहरूको भन्दा धेरै गुणाले शिक्षित, विकसित, सूचना प्रविधि र विज्ञानले फड्को मारेको, चेतना र चैतन्यको स्तर पनि अरू देशको तुलनामा बढी नै रहेको !' देशका (१९ देश) राई ज्युहरू पनि प्रतिनिधि भएर आउनुभएको जो हुनुहुन्छ ।

राई प्रतिनिधि ज्युहरू लौ पढ्नुहोस, 'राई' बारेका छोटा नालीबेली:

१. राई शब्द राजाबाट उत्पन्न भएको हो । खम्बुवानमा गोर्खा आधिपत्यपछि पृथ्वीनारायण शाहले खम्बु प्रमुखलाई दिएको राय भनिने उपाधिलाई गोर्खालीले राईमा रूपान्तरण गरे ।

-कुमार प्रधान द गोर्खा कन्क्वेस्ट्स ।

२. राय शब्द राजाको अपभ्रंश हो । राई शब्द राय शब्दकै अपभ्रंश देखिन आउँछ ।

-शिवकुमार श्रेष्ठ । लिम्बुवानको ऐतिहासिक अध्ययन ।

३. राई शब्दको प्रयोग पृथ्वीनाराण शाहले किरात प्रदेशलाई नेपालमा गाभेपछि गाउँका जान्ने सुन्ने अर्थात् ठाठाबाठा व्यक्तिलाई स्थानीय प्रशासकको रूपमा जमिन्दार, तालुकदार, राई, सुब्बा पदवी दिएपछि प्रयोग हुन थालेको हो ।

-जनकलाल शर्मा हाम्रो समाज एक अध्ययन ।

४. 'यहाँको सबै जग्गा केही वर्षअघिसम्म राईको किपट थियो । यहाँका किपटिया राईबाहेक अरू ठाउँबाट बस्न आएका राई हुन् वा अरू जोसुकै जातका हुन्, तिनलाई रैती भन्ने चलन थियो । किपटिया राईहरूले जग्गाको नापअनुसारको तिरो नतिरी सबैले बराबरी घरधुरीको तिरो तिर्ने चलन थियो । त्यसले गर्दा थोरै जग्गा हुने किपटियालाई मर्का परेको थियो । त्यसैले धेरैजसो राईहरू किपट खारेज गराउन खुसी थिए ।

-डोरेबहादुर विष्ट । सबै जातको फूलबारी, पाना १ ।

५. राई शब्दको व्यापक प्रयोग सात दशक अघिदेखि भएको इतिहासले बताउँछ । नेपाली जातिबीच मौलिक, भाषिक र सांस्कृतिक मूल्य-मान्यतको लहर चलेपछि राई एउटा विभागको कठघरामा उभिन गएको छ ।

-सिएम खम्बु । राई को हुन् ?

६. किपट जग्गा चलाउने मुख्य शासकलाई 'राई' भनिन्थ्यो । पृथ्वीनारायण शाहले उपराजा सरहको अधिकारसहित राई पद दिएका थिए । राईको मृत्युपछि जेठा छोरा पुनः राई हुन पाउँथ्यो । अरू छोराहरू रैती हुन्थे । ०२६ सालसम्म लेखिएको सरकारी कागजपत्रमा शासकलाई राई र रैतिलाई जिमी लेखेको पाइन्छ । राईले किपटमा शासन गर्दा आर्थिक कारोबार मिलाउने, अपराधीलाई कारबाही, लेखापढीको काम गर्ने सचिवलाई 'द्वारे' भनिन्थ्यो । राईले रैतीहरूबाट तिरो उठाएर सरकारलाई बुझाउने र ज्यानसम्बन्धी मुद्दा जाहेर गर्नुपर्दथ्यो । रैतीहरू घर लौरी उठेर, राईको खेतीपाती लगाइदिनु जानुपर्दथ्यो । जनताले जग्गाको तिरो बुझाउन जान र आउन राईलाई बाटो खर्च दिनुपर्दथ्यो ।

-भूपध्वज थोमरोस । कुलुङ सांस्कृतिक अध्ययन

७. खास व्यक्ति र सो व्यक्तिको परिवारले मात्र प्रयोग गर्ने यस उपाधिलाई कालान्तरमा अन्य सर्वसाधारण किरातीहरूले पनि प्रयोग गर्न थाले । अझ राणा शासकहरूले ३० मुरी माटो र सलामीबापत सरकारलाई २६ रुपैयाँ चढाएपछि राई पदवी पाउन सक्ने व्यवस्था मिलाई दिएपछि त राई शब्दको प्रयोगले व्यापक रूप लिँदै गयो । मर्यादा र प्रभावको सूचक पद राई शब्दलाई किरातीहरूले व्यापक रूपमा अंगाल्न थाले र राणा शासनको अन्त्यतिर र त्यसपछि यसको प्रयोग झन् बढ्दै जान थाल्यो । अहिलेसम्म किराती समुदायभित्र धेरैले यसलाई अंगालीसकेका छन् । अहिले राई शब्द नै किरातीको पर्यायवाची शब्दजस्तै भइदिएको छ ।

- टंकबहादुर राई । ....

८. राईको इतिहास २ सय ५० वर्षभन्दा कम रहेको र यो सेन राजाहरूले पूर्व विजय गरेपछि किरात प्रदेशमा केही मुखियाहरूलाई 'राय' पदवी दिएको र त्यो पदवी नै पछि गएर 'राई' बन्यो । राई शब्दको प्रयोग गोर्खा अधिराज्यभर व्यापक रूपमा प्रयोग हुन थाल्यो ।

-डा. डिल्लराम दाहाल । राजधानी दैनिक २०६२ ।

९. राई जाति होइन भन्ने कुरा २ सय ३५ वर्षसम्म राई भनेर बसेकाहरू लिम्बु (जो वनेम थरका लिम्बु हुन्) जातमा परिणत हुनुले पनि स्पष्ट पार्दछ । ०६६ साल भदौ १६ गते संखुवासभा जिल्लाको सभापोखरी गानविस वडा नम्बर १, २, ३, र ४ मा बस्ने ५८ परिवारले थर परिवर्तन गरेका थिए । जसमध्ये एक जना ९० वर्षीय केसबहादुर राई पनि थिए । विसं १८३१ ताका तत्कालीन शासकले स्थानीय प्रशासन सञ्चालन गर्ने जिम्मासहित केही लिम्बुहरूलाई (जो वनेम थरका लिम्बुहरू हुन्) राई पद दिएका थिए । पछि ती साबिकको आफ्नो पहिचानमा फर्किएको भनी उनीहरूको भनाइ छापिएको थियो ।

-अन्नपूर्ण पोस्ट २०६६ ।

१०. पृथ्वीनाराण शाहको शासनकालमा किरात भूमिलाई नेपाल राष्ट्रमा गाभेपछि राई, देवान, सुब्बा पदवीको नाममा जमिनदार, तालुकदारमा नियुक्त भएकाहरू नै कालान्तरमा जातमा रूपान्तरण हुन थाले ।

-नरेन्द्र शर्मा । नेपाली जनजीवन ।

११. किरातीहरूको संरचना ध्वस्त पारी किराती प्रमुखहरूलाई हटाएर तिनीहरूको ठाउँमा राई नियुक्त गरयो । पृथ्वीनारायण शाहले किरात भूमिलाई विसं १८३१ तिर नेपालमा गाभेपछि राई शब्दको प्रयोग भएको हो । किरात क्षेत्रमा राई, सुब्बा, मुखिया, देवान पद प्रदान गरी किरात किपट भूमको राजस्व संकलन गर्न जिम्मेवारी दिइएको थियो ।

-राजेश गौतम, कुमार थापामगर । ट्राइबल इन्सोग्राफी अफ नेपाल ।

यसरी समग्रमा हेर्दा राई जात वा जाति के हो ? अथवा राई जात वा जाति हो, होइन ? केही ठुंगो नै नभएता पनि ! राईलाई जात वा जाति मात्रै होइन, 'आदिवासी जनजाति' नै मानेर नेपाल सरकारको मातहत रहेको 'आदिवास जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (आजउराप्र) ऐन-२०५८ अन्तर्गत सूचीकृत गरिएको छ । कि आदवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ को दफा २ (क) मा 'आदिवास /जनजाति' भन्नले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति समुदाय सम्झनुपर्छ ।' भनिएको छ ।

हुन पनि स्वर्गीय तेजनारायण पञ्जियारले ऊ वेलै (पाध्यापक सन्तबहादुर गुरुङको संयोजकत्वमा जनजाति सूची तयार पार्ने कार्यदल गठन हुँदा) राई भनिनेहरूका बारेमा समस्या आउछु, राई जात होइन भनी कुरो राख्नुभएको थियो अरे, उहाँले हामीलाई सो कुरो धेरैपटक बताइरहनु हुन्थ्यो । तर, त्यो वेलादेखि नै संख्या र भिड देखाएर राजनीति गर्ने र, व्यक्तिगत फाइदा लिन चाहने केही राईवादीहरू हावी भएको देखिन्छ ।

त्यस्तै किराती महाजातिभित्रका कुलुङलगायत २२, २३, २४, २५, २६, २७, २८, २९, ३० (यति नै जाति वा भाषी भनी ठुंगो नभएको राई !) किरातहरू अलगअलग जातिका रूपमा सूचीकृत हुँदा आफूहरूलाई हुने बेफाइदा बारे बुझेकाहरूले पनि राई, राई, रा ... भनेर हाहाहुहुमै राई सूचीकृत गरे । त्यसो त डाक्टर हर्क गुरुङका अनुसार कुनै पनि जातिको जाति हुने पहिलो आधार नै उसको मातृभाषा हो । यसरी हेर्दा कुलुङ जातिको मातृभाषा भएको मात्रै होइन कि, कुलुङ जातिभित्रै विभिन्न भाषिका र उपभाषिका बोल्नेहरू पनि छन् । त्यस्तै अवस्था वा भनौं वास्तविकता जानाजान वा अञ्जानमा राईकरणको मारमा परेका बान्तावा जातिको पनि हो, चाम्लिङ जातिको पनि हो, अरू किरातीहरूको पनि हो ।

- साभारः सौर्यअनलाईन

'द भ्वाइस किड्स'लाई दर्शकको सुखद् प्रतिक्रिया

६ वर्षदेखि १४ वर्ष उमेर समूहका बालबालिकाको सहभागिता रहेको गायन रियालिटी शो 'द भ्वाइस किड्स'को प्रसारण शुरु भएको छ ।

शुक्रबार र शनिबार बेलुका ८ बजेदेखि हिमालय टीभीमा प्रसारण हुने शोको अहिले 'ब्लाइन्ड अडिसन' भइरहेको छ । 'ब्लाइन्ड अडिसन'को दुई भागमा १३ जना बालप्रतिभाले आफ्नो प्रस्तुति दिएका छन् । जसमध्ये दुई जना सहभागी बाहिरिएका छन् ।

काठमाडौंकी सात वर्षीया श्रेयशी आचार्यले 'ब्लाइन्ड अडिसन'मा पहिलो प्रस्तुति दिएकी थिइन् । 'कुसुमे रुमाल' बोलको गीत गाएकी उनको प्रस्तुतिमा कोच राजु (राजु लामा) र कोच प्रविशा (प्रविशा अधिकारी) टर्न गरेका थिए । श्रेयशीले कोच प्रविशालाई रोजिन् ।

त्यस्तै, सुनसरीका १२ वर्षीय संयोग घिमिरेले 'ब्लाइन्ड अडिसन'मा 'संगी' बोलको गीत गाए । उनको प्रस्तुतिमा प्रमोद खरेल, प्रविशा र मिलन नेवारले टर्न गरेका थिए । संयोगले कोच मिलनलाई रोजेका छन् ।

काभ्रेकी ८ वर्षीय प्राप्ति तामाङले 'आँखैमा राख्छु मेरो देश' बोलको गीत गाउँदा प्रमोद, राजु र मिलन घुमेका थिए । प्राप्तिले कोच राजुलाई रोजिन् ।

झापाकी ९ वर्षीय अनुजा कडरियाले 'कहिलेकाहीं मलाई पनि' गाउँदा प्रमोद, मिलन र टिम प्रविशाको कुर्सी घुमेको थियो । अनुजाले कोच प्रविशालाई रोजिन् ।

'ब्लाइन्ड अडिसन'को दोस्रो एपिसोडमा बाजुराका ९ वर्षीय सुप्रिम मल्ल ठकुरीले 'नदेखिन्या घाउ लाग्छ' गाउँदा चारैजना कोचको कुर्सी घुमेको थियो । सुप्रिमले कोच राजुलाई रोजेका छन् ।

ब्लान्ड अडिसनमा ललितपुरका १३ वर्षीय डेबिट खनालले 'तिमी नै हौ' गीत गाए । उनको प्रस्तुतिमा प्रमोदबाहेक अन्य कोचहरुको कुर्सी घुम्यो । डेबिटले कोच प्रविशालाई रोजेका छन् । काभ्रेकी ९ वर्षीया उपमा थपलियाले 'खुट्टा तान्दै गर' गाइन् । उनलाई कोच मिलनले आफ्नो टिममा ल्याइन् ।

काठमाडौंका १४ वर्षीय प्रभात सेढाईले 'देखन चम्पा' गाउँदा कोच प्रमोद र कोच प्रविशाको कुर्सी घुम्यो । प्रभातले कोच प्रमोदलाई रोजेका छन् । यसैगरी काभ्रेका १० वर्षीय हिल्सन विक्रम केसीले 'सम्बोधन' गीत गाउँदा कोच प्रमोद घुमेका थिए । ललितपुरका ११ वर्षीय शुभम निरौलाले 'विस्तारै विस्तारै डुब्दैछु' गाउँदा कोच मिलन टर्न गरिन् । यस्तै दैलेखकी ८ वर्षीया तेरेशा विश्वकर्माले 'किनिदेउन साईंला' बोलको गीत गाउँदा कोच मिलन घुमिन् । उनी कोच मिलनको टिममा इनेछिन् ।

नेपालको पहिलो 'द भ्वाइस किड्स'मा राजु लामा, प्रमोद खरेल, प्रविशा अधिकारी र मिलन नेवार कोचको रुपमा छन् । 'ब्लाइन्ड अडिसन'बाट चारैजना कोचले आफ्नो १२ जनाको टिम तयार पार्नेछन् ।

त्यसपछि शो 'ब्याटल राउण्ड'मा प्रवेश गर्नेछ । जहाँ प्रत्येक कोचले 'ब्लाइन्ड अडिसन' बाट लिएका आफ्ना १२ प्रतिभालाई ३-३ जना गरी चार समूहमा विभाजन गर्नेछन् । तीन जनामध्ये एक जना मात्र लाइभ शोमा प्रवेश गर्नेछन् । 'द भ्वाइस किड्स'मा नकआउट, स्टिल, वाइल्ड कार्ड नहुने जनाइएको छ । लाइभ शोमा पुग्दा प्रत्येक कोचसँग ४-४ जना प्रतिभा हुनेछन् ।

लाइभ शोमा पुगेपछिको निर्णय दर्शकको भोटमा हुनेछ । 'ब्लाइन्ड अडिसन'का दुई भाग प्रसारणमा शोलाई निकै सकारात्मक प्रतिक्रिया आएका छन् । युट्युबमा पहिलो भागलाई दुई दिन नपुग्दै १० लाख भन्दा बढी दर्शकले हेरेका छन् भने दोस्रो भागलाई १७ घण्टामा झण्डै ७ लाख दर्शकले हेरिसकेका छन् ।

किन बढिरहेको छैन बिजुलीको माग ?

काठमाडौँ (रासस)/ पछिल्ला दिनमा देशभित्र बिजुलीको माग बढ्न नसकेको देखिएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार देशभित्रको कूल बिजुलीको माग एक हजार ३२२ मेगावाट मात्रै रहेको छ ।

साँझको समयमा गणना गरिने उच्च माग (पिक डिमाण्ड) त्यति भए पनि दिउँसो र रातको समयमा बिजुलीको माग उल्लेख्यरुपमा बढ्न सकेको छैन । प्राधिकरणले एक हजार ८८९ मेगावाट घण्टा बराबरको बिजुली भारत निर्यात गरिरहेको छ । अघिल्लो सातादेखि प्राधिकरणले कूल ३९ मेगावाट बिजुली भारत निर्यात गरिरहेको छ ।

प्राधिकरणले बिजुलीको खपत बढाउनका लागि उद्योगी व्यवसायीलाई १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत उपलब्ध गराउने घोषणा गरिसकेको छ । कूल २२० केभी क्षमताका प्रसारण लाइन धमाधम निर्माण भइरहेकाले १३२ केभी क्षमतासम्मका प्रसारण लाइनलाई वितरण लाइनमा परिवर्तन गर्न लागिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । प्राधिकरणको प्रणालीमा हाल निजी क्षेत्रका

आयोजनाबाट उत्पादित बिजुलीको हिस्सा बढी छ । निजी क्षेत्रका कूल १०८ आयोजनाले बिजुली उपलब्ध गराउँदै आएका छन् । विवरणअनुसार प्रणालीमा प्राधिकरणका आयोजनाले पाँच हजार २३० मेगावाट घण्टा बिजुली उपलब्ध गराएको छ ।

सहायक कम्पनीका आयोजनाले चार हजार ३३६ मेगावाट घण्टा बिजुली उपलब्ध गराएको छ । निजी क्षेत्रका आयोजनाले प्रणालीमा कूल १२ हजार ९७५ मेगावाट घण्टा बराबरको बिजुली उपलब्ध गराएको छ । यस वर्षको तिहारको लक्ष्मीपूजाको दिन विद्युत्को उच्च माग (पिक डिमाण्ड) मात्रै एक हजार २७० मेगावाट मात्रै रहेको थियो । त्यस दिन पिक डिमाण्ड एक हजार ५०० मेगावाटको हाराहारीमा पुग्ने प्रक्षेपण गरिए पनि माग भने औसतमा नै रहन पुग्यो ।

प्राधिकरणले लक्ष्मीपूजाको पिक समयमै ४८ मेगावाट विद्युत् भारत निर्यात गरेको थियो । चालू आर्थिक वर्षको अहिलेसम्मको पिक डिमाण्ड एक हजार ६१४.८ मेगावाट रेकर्ड गरिएको छ । यो विवरण गत असोज १० गतेको हो । सोही दिनको निर्यातसहित प्रणालीको अधिकतम विद्युत् माग एक हजार ७५८.८ मेगावाट थियो ।

सरकारले बिजुलीको खपत बढाउनका लागि विद्युतीय चुल्होको प्रयोग र विद्युतीय सवारीको प्रवर्द्धनमा पनि उत्तिकै जोड दिएको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले 'विदेशी ग्यास छाडौं, स्वदेशी बिजुली खपत' गरौं भन्ने अभियान नै सुरु गरेका छन् ।

सोही योजनाअनुसार प्राधिकरणले नै अनुदानमा विद्युतीय चुल्हो उपलब्ध गराउने विषयमा नीतिगत तहमा छलफल गरिरहेको छ । स्पष्ट नीति, योजना र कार्यक्रम बनाएर अनुदानमा इन्डक्सन चुल्हो उपलब्ध गराउने सरकारको योजना छ ।

यसबाट खाना पकाउने ग्यासको आयात क्रमशः घट्ने र विद्युत्को खपत बढ्ने सरकारको विश्वास छ । पछिल्लो पटक नेपाल आयल निगमले मूल्यवृद्धि गरेपछि प्रतिसिलिण्डर ग्यासको मूल्य एक हजार ५७५ पुगेको छ ।

उपभोक्ता ठगी गर्नेविरुद्ध मुद्दा दर्ता

काठमाडौँ (रासस)/ नेपाल गुणस्तर तथा नापतौल कार्यालयले उपभोक्ता ठगी गर्ने छ कम्पनीविरुद्ध मुद्दा दर्ता गरेको छ ।

कार्यालयले चालू आर्थिक वर्षमा उपभोक्ता ठगी गर्ने मूलपानीस्थित जी एण्ड जी हार्डवेयर, कालीमाटीस्थित एच आर ट्रेड लिङ्क, नुवाकोटस्थित बनदेवी आयल स्टोर्स, बालाजुस्थित राजेश हार्डवेर र दुईवटा ट्याक्सी चालक विरुद्ध मुद्दा दर्ता गरेको हो ।

कार्यालयका सूचना अधिकारी निराजन पुडासैनीले चालू आर्थिक वर्षमा चार एकल अनुगमन तथा १२ संयुक्त अनुगमनका क्रममा ठगी गर्ने छ कम्पनीविरुद्ध मुद्दा दायर गरिएको जानकारी दिए ।

कार्यालयले चालू आर्थिक वर्षमा ६८ फर्ममा एकल तथा संयुक्त अनुगमन गरेको थियो । जी एण्ड जी हार्डवेयरले तौलने यन्त्रको जाँच अनुमति नलिएको र त्यहाँबाट बिक्रिवितरण हुँदै आएको ओम सिमेन्ट नापजाँचका क्रममा घटी पाइएकाले एक वर्ष कैद र १० हजार जरिवाना माग गर्दै मुद्दा दायर गरिएको जनाइएको छ ।

एच आर ट्रेड लिङ्कले चामलका ८० बोरा नापजाँचका क्रममा औषत तौलमा घटी भएको र तौलने यन्त्र जाँच अनुमति नलिएको भन्दै एक वर्ष कैद सजाय र १० हजार जरिवानाको माग गर्दै मुद्दा दायर गरिएको कार्यालयले

जनाएको छ । यस्तै बनदेवी आयल स्टोर्सले पेट्रोल तथा डिजेल पम्पमा लगाएको सिल छिनाएकाले तीन वर्ष कैद सजाय र ३० हजार जरिवना, राजेश हार्डवेयरले घटी तौल गरेर सामान बिक्री गरेकाले एक वर्ष कैद र १० हजार जरिवानाको माग मुद्दा दायर गरिएको सूचना अधिकारी पुडासैनीले बताए । राजेश हार्ड्वेयरलाई वाणिज्य विभागले यसअघि नै दुई लाख जरिवना गरेको थियो ।

यसैगरी बा १ ज ८८८१ नं को ट्यावसीको बिग्रेको मिटर जानीजानी सञ्चालन गरेकाले त्यसका चालकलाई तीन वर्ष कैद र ३० हजार जरिवना तथा बा १ ज ४४७९ नं को ट्यावसीले दिउँसोको समयमा डेडी भाडा लिएकाले त्यसका चालकलाई तीन वर्ष कैद र ३० हजार जरिवाना माग गर्दै मुद्दा दर्ता गरिएको जनाइएको छ । राति ९ बजेदेखि बिहान ६ बजेसम्म मात्र डेडी भाडा लिन पाइन्छ । उक्त कार्यालयले दसैंका बेला बजार अनुगमन गर्दा चार कम्पनीले ठगी गरेको जनाएको छ । सूर्यविनायकस्थित चम्पकेश्वर हार्डवेर, भक्तपुरस्थित सेल्सवेरी, भक्तपुरस्थित चण्डेश्वरी डेरी एण्ड स्वीट हाउस र डेली ग्रोसरीले ठगी गरेकाले ती कम्पनीविरुद्ध मुद्दा दर्ता गर्ने तयारी भइरहेको सूचना अधिकारी पुडासैनीले जानकारी दिए ।

कार्यालयका प्रमुख मनिषकुमार दासले जानीजानी सेवाग्राहीलाई ठगी गर्ने क्रम बढेकाले कार्यालयले कारबाहीस्वरुप मुद्दा दायर गरेको बताए । "आम उपभोक्तालाई ठगी गर्ने जोकोहीलाई कारबाहीको दायरामा ल्याउछौं," उनले भने । सो कार्यालयले चालू आर्थिक वर्षको भदौ असोज महिनामा जरिवानाबाट ४४ लाख २२ हजार १८२ राजस्वसमेत संकलन गरेको छ ।

नेपाली महिला क्रिकेट टोली कतार प्रस्थान

काठमाडौँ (रासस)/ नेपाली राष्ट्रिय महिला क्रिकेट टोली आइसिसी महिला टी-२० विश्वकपको एशियाली छनोटको तयारीका लागि सोमबार कतार प्रस्थान गरेको छ ।

नेपाली महिला टोलीले कतारसँग तीन खेलको टी-ट्वान्टी सिरिज खेल्नेछन् । त्यसपछि आइसिसी महिला टी-२० विश्वकपको एशियाली छनोटका लागि नेपाली टोली कतारबाटै मङ्सिर ३ गते युएई प्रस्थान गर्नेछन् ।

छनोट खेल भने आगामी मंसिर ६ देखि १२ गतेसम्म युएईमा आयोजना हुनेछ । छनोटका लागि रुविना क्षेत्रीको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा यसअघि भइसकेको छ ।

नेपाली टोलीमा डली भट्ट, सीता रानामगर, करूणा भण्डारी, इन्दु बर्मा, सरिता मगर, ज्योति पाण्डेय, सरस्वती चौधरी, काजल श्रेष्ठ, सबनम राई, कविता कुँवर, अप्सरी बेगम, कविता जोशी र सङ्गीता राई छन् ।

त्यस्तै सरस्वती जिएम, रोमा थापा, अस्मिना कर्माचार्य र ममता चौधरीलाई वैकल्पिकमा राखिएको छ । उक्त प्रतियोगिताको तयारीस्वरुप नेपाली टोली यसअघि बंगलादेश गएको थियो ।

विशङ्खुनारायण मन्दिरमा एकादशी मेलाको भव्य तयारी

ललितपुर (रासस)/ प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीका दिन विशङ्खुनारायण मन्दिरमा लाग्ने हरिबोधिनी एकादशी मेलाका लागि मन्दिर प्राङ्गणमा मर्मतसम्भार र सरसफाइको काम तीव्ररुपमा भइरहेको छ ।

गोद्दावरी नगरपालिका-२ मा पर्ने चार नारायणमध्येका एक विशङ्खुनारायण मन्दिरमा हरि बोधिनी एकादशीका दिन भव्य मेला लाग्ने गर्दछ । मेलामा मुलुकका विभिन्न जिल्लाबाट नारायणको दर्शन गर्न भक्तजन आउने भएकाले अहिले मन्दिर प्राङ्गणमा मर्मतसम्भार र सरसफाइको काम तीव्ररुपमा भइरहेको हो ।

शनिबार विभिन्न संघ संस्थाको सहयोगमा मन्दिर आसपास क्षेत्रमा सरसफाइ गरी बत्ती जडानसँगै लाइनआदि राख्ने व्यवस्थापन गरिएको विशङ्खुनारायण सेवा सुधार समितिका अध्यक्ष राजेन्द्र विष्टले बताए । उनले भने, "हाँक्रा सडक खाल्डाखुल्डी परेकाले मर्मत तथा सुधारका काममा हामी जुटिरहेका छौं ।" गतवर्ष मुलुकमा कोरोना महामारी बढेकाले एकादशीका दिन भक्तजनलाई मन्दिर प्रवेश गर्न पूर्ण रुपमा रोक लगाइएको थियो । यो वर्ष कोरोना भाइरस संक्रमण न्यूनीकरण भएसँगै सहज रुपमा नारायणको दर्शन गर्न दिइने व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

सोमबार विशङ्खुनारायण सडकमा हुने मानिसको भीडभाडका कारण सवारीसाधन भने मन्दिर क्षेत्रमा ल्याउन नदिने निर्णय गरेको विशङ्खुनारायण परम्परागत पूजा व्यवस्थापन तथा संरक्षण समितिका सचिव दिवाकर सुवेदीले बताए । उनले भने, "भोलि राति २ बजेपछि नारायण दर्शन गर्न हजारौं हजार मानिस विशङ्खु आउने भएकले सुरक्षा व्यवस्था पनि प्रभावकारी बनाइएको छ ।" विशङ्खु नारायणथानमा नारायणको प्राकृतिक शिलाको मूर्ति रहेकाले अन्य दिन पनि दर्शनार्थी अवलोकन र भ्रमण गर्न आउने गरेका चिव सुवेदीको भनाइ छ ।

स्थानीयवासी सुवेदी परिवारले विशङ्खुनारायणलाई इष्टदेवताको रुपमा पुज्ने गर्छन् । विशङ्खुनारायणको नित्य पूजा हालसम्म कहिले पनि नरोकिएको र त्यहाँका पुजारी परिवारलाई जुठो र सुत्केरी पर्दा अन्य थरका ब्राह्मण बोलाएर गरिने चलन रहेको

स्थानीयवासीको धारणा छ । नेपालका चार नारायणमध्ये विशङ्खुनारायणलाई माइला नारायणका रुपमा पुजिने गरिएको स्थानीयवासी पुरुषोत्तम विष्टले बताए । उनले भने, "हिन्दू धर्मावलम्बीले भक्तपुरको चाँगुनारायणलाई जेठो नारायण, काठमाडौं दक्षिणकालीमा रहेका शेषनारायणलाई साइला नारायण र इचङ्गुनारायणलाई कान्छो नारायणका रुपमा पुज्ने गरेका छन् ।"

हरेक वर्ष पुस १ गते विशङ्खुनारायण भगवानको महास्नान हुने गर्छ । महास्नानको दिन वर्षमा एक पटक मात्र भगवानको मूर्तिलाई बाहिर निकालिने चलन रहेको विष्टले जानकारी गराए । हरिबोधनी अर्थात ठूलो एकादशीको दिनदेखि भगवान नारायण जलबाट उठ्ने हुँदा कात्तिक महिनाभर हिन्दू धर्मावलम्बीले चार नारायणको दर्शन गर्ने परम्परा नेपालमा रहिआएको छ ।

प्रत्येक ठूलो एकादशीको दिन तुलसीसँग भगवान विष्णुको विवाह हुने भएकाले धुनवेशी, बनेपा, धुलिखेल, मकवानपुर, हेटौंडा, धादिङ, नुवाकोट, काभ्रेलगायतका स्थानबाट भाडामा सवारीसाधन लिएर दर्शन गर्न भक्तजन विशङ्खु आउने गरेका कार्यसमिति सदस्य बेबीराज भण्डारीले बताए ।

विशङ्खुनारायणथान ललितपुरको एक प्रसिद्ध तीर्थस्थल हो । सो मन्दिर जमिन सतहबाट एक हजार ५०० मिटर उचाइमा र हनाका साथै लगनखेलबाट १० किलोमिटर टाढा पर्छ । सदियौंदेखि नारायणको मन्दिरमा बिहान पूजासँगै साँझ आरती गर्दा प्रिय बाजा नगरा बजाउने चलन रहिआएको छ । विशङ्खुनारायण मेलामा मुलुकका ७७ जिल्लाका मानिस भ्रमण गर्न आउने भएकाले विशेष गरी उखु, खुवा, पिँडालु, बदाम, वन तरुल, सखरखण्डलगायत स्थानीय बारीमा उत्पादन भएका तरकारी तथा अन्य फलफूल खुबै बिक्री वितरण गरिने तयारी भइरहेको प्रमिला विष्टले बताए ।

विशङ्खुनारशयण थानको ककारोभित्र शालिकरामसमेत राखेर पूजाआजा गर्ने गरिन्छ । सो क्षेत्रमा भगवान नारायणसँगै लक्ष्मीनारायणको पाइला, हनुमान, गणेश रहनुका साथै पाप र धर्मद्वारको नामले परिचित एक गुफा समेत रहेको छ । सिलवाल र विष्टको बाहुल्यता रहेको विशङ्खुनारायण थानमा लगभग छ हजार ८०० जनसंख्या रहनाका साथै झण्डै एक हजार २०० घरधुरी र हेका छन् ।

भौगोलिक बनावट शङ्खको आकारमा रहेकाले विशङ्खु भनी नामाकरण भएको स्थानीय ८६ वर्षीय गोविन्द विष्टले जानकारी गराए । उनले भने, "यो मन्दिर बह्मा, विष्णु र महेश्वरको पानादेखि सुष्टि भएको हो ।" सो नारायणको दर्शन गर्न मन्दिरको ९३ सिँढी चढेर माथि चढ्नुपर्ने हुन्छ । कात्तिक महिनामा दान, पुन्य गरी जाग्राम बसेर बत्ती बाल्दा श्रीवृद्धि हुने विश्वास हिन्दू धर्मावलम्बीमा रहेको छ ।

प्रत्येक ठूलो एकादशीको दिन तुलसीसँग भगवान विष्णुको विवाह हुने गर्छ । हरिशयनी एकादशीको दिनमा रोपिएको तुलसीलाई हरिबोधनी एकादशीको दिन व्रत बसेर राधाकृष्णको नाममा विभिन्न पकवान बनाएर, फूलमाला, फलफूल बस्त्र र रड लगाइदिएर पूजाआरधना गर्ने चलन नेपाली समाजमा आज पनि उत्तिकै व्यापक रहेको छ । मुलुकमा कोरोना कहर भित्रिनु अघि हरेक शनिबार वा सार्वजनिक बिदाका दिन विशङ्खु घुम्ने अनि दर्शन गर्ने र वनभोज खाने मानिसको निकै चहलपहल हुने गरेको समितिले जनाएको छ ।

हरिबोधनी एकादशीको महत्व

कार्तिक शुक्ल एकादशीलाई हरिबोधनी एकादशी भनिन्छ । आषाढ शुक्ल एकादशीका दिन क्षीर सागरमा शयन गर्ने भगवान् विष्णु यसै दिन जागा हुने शास्त्रीय मान्यता छ । आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल पूर्णिमासम्म सनातन धर्मावलम्बीले घरघरमा तुलसी रोपी विशेष पूजा आराधना गर्छन् । हरिबोधनी एकादशीका दिन तुलसीलाई विष्णुसँग विवाह गरी विशेषरूपमा मनाउने गरिन्छ ।

वैदिक पात्रोमा उल्लेख गरिने १६ तिथिमध्ये एकादशीलाई महत्वपूर्ण तिथिका रुपमा मनाइन्छ । हरिबोधनी एकादशीलाई ठूलो एकादशी पनि भनिन्छ । यस दिन सनातन धर्मावलम्बीले अन्न ग्रहण नगरी कन्दमूल र फलफूल खाने गर्छन् । चतुर्मासाभर पूजा आर धना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशीदेखि मार्गशीर्ष कृष्ण पञ्चमीसम्म वैदिक यज्ञ गरी समापन गरिन्छ ।

यस अवसरमा उपत्यकाका चार नारायण मन्दिरमा विशेष मेला लाग्ने गर्छ । भक्तपुरको चाँगुनारायण, ललितपुरको गोदावरीस्थित विशङ्खुनारायण, काठमाडौंको दक्षिणकाली नगर पालिकामा रहेको शेषनारायण र नागार्जुनमा रहेको इचङ्गुनारायणमा एकादशीदेखि कार्तिक शुक्ल पूर्णिमासम्म विशेष मेला लाग्छ ।

एयर गनसहित एक पक्राउ

काठमाडौँ (रासस)/ नेपाल प्रहरीले एयर गनसहित एकजनालाई पक्राउ गरेको छ ।

महानगरीय प्रहरी प्रभाग कोटेश्वरको टोलीले एयरगनसहित कैलाशीका २१ वर्षीय जीतेन्द्र नाथलाई शनिबार थापाथलीबाट पक्राउ गरेको हो ।

पक्राउ परेका नाथले कोठामा अवैध हातहतियार लुकाइ राखेको भन्ने सूचनाका आधारमा महानगरीय प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले कोठा तलासी गर्दा उक्त हतियार फेला पारेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरीले उक्त हतियार काठमाडौँ महानगरपालिका-११ थापाथलीमा रहेको नाथको डेराबाट बरामद गरेको हो ।

पक्राउ परेका उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

संक्रमित बच्चालाई औषधिको अभाव

चितवन (रासस)/ जिल्लामा रहेका एचआइभी संक्रमित नवजात शिशुका लागि आवश्यक औषधिको अभाव भएको छ । यहाँको एड्स हेल्थ केयर फाउण्डेसनमा विगत छ महिनादेखि संक्रमित आमाबाट जन्मिएका नवजात शिशुका लागि आवश्यकपर्ने औषधिको अभाव भएको हो ।

फाउण्डेसनले विगत छ महिनादेखि औषधिको अभाव भएको जनाएको छ । भरतपुर अस्पतालमा सञ्चालन हुँदै आएको एण्टी रेट्रो भाइरल थेरापी क्लिनिक (एआरटी)का सम्पर्क व्यक्ति तथा बालरोग विशेषज्ञ डा युवानिधि बसौलाका अनुसार क्लिनिकमा अहिले नवजात शिशुका लागि आवश्यकपर्ने 'जिडोभुटीन' नामक औषधिको अभाव भएको हो ।

उनले भने, "यो औषधि उच्च जोखिममा रहेका बालबालिकाका लागि दिइने गरिन्छ ।" नियमित औषधि सेवन नगर्ने आमा, प्रसुति हुने अवस्थामा संक्रमण पुष्टि भएकी आमा र एचआइभी संक्रमण पुष्टि भएर औषधि सेवन गरेको आठ हप्ता नपुग्दै बच्चा जन्माउने आमाबाट जन्मिएका बच्चामा यो औषधिको प्रयोग हुने गर्दछ ।

भोलमा पाइने यो औषधि निःशुल्क हुने भए पनि अहिले उपलब्ध हुन नसकेको बालरोग विशेषज्ञ डा. बसौलाले जानकारी दिए । यो औषधि एचआइभी संक्रमित आमाबाट जन्मिएका बच्चालाई तीन महिनासम्म नियमित खुवाउनुपर्ने हुन्छ । जिल्लामा सन् २०२१ को हालसम्म १२ जना संक्रमित आमाले १३ जना बच्चा जन्माएका छन् । तीमध्ये पाँच जना उच्च जोखिममा रहेका छन् । उनीहरूलाई औषधि अभावका कारण संक्रमण हुने हो कि भन्ने चिन्ता थपिएको उनले बताए । उनले भने, "उच्च जोखिममा रहेका बच्चाका लागि औषधि छैन ।" कम जोखिममा रहेका बच्चालाई छ हप्तासम्मका लागि 'नेभिरापिन' नामक औषधिको प्रयोग गर्नुपर्ने हुन्छ । उच्च जोखिममा रहेका बालबालिकालाई समेत सोही औषधिको प्रयोग गराइएको उनको भनाइ थियो । एचआइभी संक्रमित आमाबाट जन्मिएका बच्चालाई दुई घण्टाभित्र यो औषधि खुवाउनुपर्ने हुन्छ । यस्तै अहिले क्लिनिकमा अन्य रोगको संक्रमण रोकथामका लागि प्रयोग हुने कोटीमोक्साजोल र क्षयरोगका बिरामीले प्रयोग गर्ने 'आइपिटी' नामक औषधि विगत १० महिनादेखि अभाव रहेको उनले बताए ।

ब्लुबुक हराएको सूचना

निम्नलिखित विवरण भएको ब्लुबुक कात्तिक १२ गते हेटौंडा-४, कान्तिराजपथबाट हेटौंडा बसपार्क आउनेक्रममा हराएको हुँदा भेटनुहुने जो कोहीले नजिकैको प्रहरी कार्यालय वा तपशिलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : परिचय बचत तथा ऋण सहकारी संस्था (केदार विश्वकर्मा)

सवारी साधन नम्बर : ना. प्र. ख २६०४

सम्पर्क नम्बर : ९८६५०२४१८८

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ

प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस

छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 984529214O, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

एक सय ९० लाई शैक्षिक सामग्री

साझाकुरा संवाददाता

हेटौंडा/काठमाडौं गोदावरीकी एकजना विद्यार्थीले आफ्नो जन्मदिनको अवसरमा पशुपतिनाथ माविमा अध्ययन गर्ने बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरेकी छिन् ।

गोदावरीकी स्थायी बासिन्दा प्रजिता घिमिरेले आफ्नो जन्मदिनको अवसर पारेर एक हजार थान कपी, पेन्सिल, डटपेनलगायत प्रदान गरेकी हुन् । प्रजिताको आमाले बाह्यकालमा अध्ययन गरेको पशुपतिनाथ माविलाई सहयोग गर्न उनीहरु मनहरी गाउँपालिका आएका हुन् ।

विद्यालयका एक सय ९० जना बालबालिकालाई जनही ५ थान कपी, सोही बराबरको पेन्सिल र डटपेन वितरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव गौतमले जानकारी दिए । मनहरी-४ का वडाअध्यक्ष ध्रुब खड्काको प्रमुख आतिथ्यतामा बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको हो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष गौतमले जन्मदिनमा केक काटेर अनावश्यक खर्च गर्ने परम्परालाई तोड्दै विपन्न बाल-बालिकालाई सहयोग गरेको भन्दै प्रजिता र उनको परिवारलाई धन्यवाद दिएका थिए । आगामी दिनमा पनि यस प्रकारको सहयोगलाई निरन्तरता दिन विद्यालय परिवारले अपेक्षा गरेको छ ।

केहीदिन अघि मनहरी-४ का वडासचिव बिदुर पाठक्ले आफ्नो जन्मदिनको अवसरमा विद्यालयका ३ जना बालबालिकालाई १० हजार रुपैयाँ सहयोग गरेको थिए । विद्यालयले जन्मदिनमा गर्ने खर्च कटौती गरी विद्यालयको कोषमा रकम जम्मा गर्न पनि सुरु गरेको अध्यक्ष गौतमले जानकारी दिएका छन् । हालसम्म कोषमा २५ हजार रुपैयाँ जम्मा भइसकेको छ ।

पुष्पलाल पार्क समितिमा भेटवाल

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-४ स्थित पुष्पलाल स्मृति शान्तिपार्क व्यवस्थापन समितिको अध्यक्षमा गणेश भेटवाल चयन भएका छन् ।

शनिबार पार्क परिसरमा आयोजित साधारणसभाले भेटवालको अध्यक्षतामा १५ सदस्यीय समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा रिटबहादुर खत्री, सचिवमा सानुकाजी पाण्डे, सहसचिवमा पूर्णप्रसाद अर्याल र कोषाध्यक्षमा विष्णुकुमारी बस्नेत चयन भएकी छन् ।

पार्क व्यवस्थापन समितिका अध्यक्ष हरिवंश भेटवालको सभाध्यक्षमा भएको कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता तथा मकवानपुर सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता रहेको थियो ।

हेटौंडा उपमहानगर पालिकासँगको सहकार्यमा ब्रम्हकुमारी राजयोग सेवा केन्द्र हेटौंडाको व्यवस्थापनमा सञ्चालित पुष्पलाल स्मृति शान्तिपार्क व्यवस्थापन समितिले पार्कको संरक्षण गर्दै आएको छ ।

निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?

निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब

हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

हाम्रो हार्डवेयर एण्ड सप्लायर्स

हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२०६३

चितवन मेडिकल कलेज, CMC भरतपुरका
वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ

डा. प्रकृति सिटैला

अब

हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै:-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच,उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि

हेटौंडा सिटी हस्पिटल प्रा.लि.

फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।

बीउ र औषधि व्यवसायी संघको अधिवेशन

अध्यक्षमा रमेश र हरिशरण निर्विरोध चयन

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल बीउ व्यवसायी संघ जिल्ला समन्वय समिति मकवानपुरको सातौं वार्षिक साधारण सभा तथा चौथो अधिवेशन सम्पन्न भएको छ ।

हेटौंडामा शनिबार भएको अधिवेशनमा वत्तहारुले बीउ बिजन देशको अर्थतन्त्रसँग जोडिएको विषय भएको बताउँदै नेपाल आफै बीउ बिजनमा आत्मनिर्भर बन्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा बीउ व्यवसायी संघका केन्द्रीय सचिव विश्वराज बानियाँले पछिल्लो समय नेपालमा बीउ बिजन उत्पादन गर्ने क्रम बढेको बताउँदै अझै आत्मनिर्भर नबनेको र आयात गर्दा विविध समस्या झेल्नुपर्ने अवस्था रहेको बताए ।

उनले स्थानीय तहमा कृषिसम्बन्धी प्रविधिकको अभावमा बीउबिजन र विषादी व्यवसायीहरुले कृषकको समस्या समाधानमा सहजीकरण गर्दै आएको बताए । संघका जिल्ला अध्यक्ष माधवप्रसाद सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा संघको बागमती प्रदेशका उपाध्यक्ष हरिशरण अर्याल, नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका पूर्वअध्यक्ष राममणि दाहाल, बीउ व्यवसायी संघ मकवानपुरका सचिव रमेश अर्याल, सदस्य फेन्चु लामा र सुदर्शन विष्टले मन्तव्य व्यक्त गरेका थिए ।

संघको चौथो अधिवेशनले रमेश अर्यालको अध्यक्षतामा दुई वर्षका लागि नौ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ । समितिको उपाध्यक्षमा कृष्णकाजी प्रधान, सचिव फेन्चु लामा, कोषाध्यक्षमा कृष्ण खतिवडा तथा सदस्यहरुमा सुजन अधिकारी, पुरुषोत्तम विष्ट, अनिता अधिकारी, निराजन बर्तौला र नेत्र केसी रहेका छन् । यसैगरी, नेपाल पशुपंक्षी औषधि व्यवसायी संघ मकवानपुरको चौथो वार्षिक साधारण सभा तथा तेश्रो अधिवेशनबाट आगामी दुई वर्षका लागि हरिशरण अर्याल पुन: अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् ।

अधिवेशनले कार्य समितिको उपाध्यक्षमा सुभाष मल्ल, सचिवमा शम्भुप्रसाद गुप्ता, सहसचिवमा प्रकाश अधिकारी र कोषाध्यक्षमा डा. प्रदीप लामालाई निर्वाचित गरेको छ । यस्तै सदस्यहरुमा विष्णु अधिकारी, कृष्णकाजी प्रधान, केशवप्रसाद दुलाल, मदन न्यौपाने र गणेश खड्का निर्वाचित भएका हुन् । संघमा ११ सदस्यीय कार्यसमितिमा एक जना सदस्य पछि थप गरिने छ । यसअघि पशुपंक्षी औषधि व्यवसायी संघ मकवानपुरको चौथो वार्षिक साधारण सभा तथा तेश्रो अधिवेशनको उद्घाटन गर्दै संघका केन्द्रीय अध्यक्ष भुपेन्द्रप्रसाद गौतमले पशुपंक्षीको औषधिआयातमा समस्या रहेको बताउँदै गुणस्तरीय औषधि आपूर्ति आवश्यक भएको औंल्याए ।

संघका अध्यक्ष हरिशरण अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष माधव न्यौपाने, पशुपंक्षी औषधि व्यवसायी संघका केन्द्रीय सदस्य दिनेश कट्टेल, संघका बागमती प्रदेशका निवर्तनमा अध्यक्ष विश्वराज बानियाँ, संघको चितवन शाखाका कोषाध्यक्ष बरदान कंडेल र रमेश अर्यालले मन्तव्य व्यक्त गरेका थिए ।

साधारणसभा उपस्थित हुनेबारे सूचना

यस हेटौंडेली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको संचालक समितिको मिति २०७८/०६/१९ गते बसेको बैठकको निर्णयानुसार यस वर्षको १३ औं वार्षिक साधारणसभा यहि मिति २०७८ मंसिर १, २ र ३ गते आयोजना हुन गइरहेकोले अनिवार्य जानकारी नभएमा यसै सूचनालाई आधारमानी उपस्थितको लागि शेयर सदस्यज्यूहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं ।

नोट: चाताचात खर्च स्वरुप रु.५००/- मा करकट्टी गरी रु.४२५ प्रदान गरिनेछ । *परिचय पत्र अनिवार्य रुपमा लिएर आउनुहोला ।*

गौतम केसी (सचिव)

हेटौडेली बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-४ स्कूलरोड

गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७०१६६४, ९८५५०३१६६४

हेटौंडामा तीन दिने विज्ञान लेखन तालिम

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा संचार-कर्मीका लागि विज्ञान लेखन तालिम आयोजना गरिएको छ ।

नेपाल विज्ञान तथा प्रविधि-प्रतिष्ठान (नास्ट) को आयोजनामा आइतबारबाट हेटौंडामा तीन दिने विज्ञान लेखन तालिम सुरु भएको हो । नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको व्यवस्थापनमा सुरु भएको तीनदिने तालिममा विज्ञानका विषय वस्तुलाई समाचार बनाउन सहज होस भन्ने उद्देश्यले तालिमको आयोजना गरिएको महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले बताए ।

नास्टका सचिव महेश कुमार अधिकारीको सभाध्यक्षतामा भएको तालिम उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा तालिमका प्रशिक्षक केदार शर्मा, पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल, मकवानपुरका अध्यक्ष मणिराज गौतम लगाएतले मन्तव्य व्यक्त गरेका थिए । तालिममा हेटौंडाका २२ जना पत्रकारहरुको सहभागिता रहेको छ ।

जसपा युवा संघद्वारा बिरोध

साझाकुरा संवाददाता

हेटौंडा/जनता समाजवादी पार्टी सम्बद्ध जनता समाजवादी युवा संघ बागमती प्रदेश समितिले नेपाल सरकारले हालै गरेको पेट्रोलियम पदार्थको मुल्य बृद्धिको बिरोध गरेको छ ।

संघका अध्यक्ष तुफान बिकम क्षेत्री र मुख्य सचिव नेश्ता मोक्तानले आइतबार आइतबार प्रेस बिज्ञप्ती जारी गर्दै मुल्यबृद्धि तत्काल फिर्ता लिन माग गरेका छन् ।

'हिजोको समन्तवादी स्वच्छाचारी प्रतिगमनकारी सरकार र आजको पाँच दलीय सत्ता गठबन्धनको सरकारको फरक नछुट्टिने गरी यस सरकारले आम नेपाली जनभावना भन्दा बिपरित गई जनताको जीवनयापनमा नै असर पर्नेगरी गरिएको यस मुल्यबृद्धि तुरुन्त फिर्ता लिन हाम्रो संगठन जोडदार माग गर्दछ', विज्ञप्तीमा भनिएको छ ।

मनलाग्दी र जथाभावी कदमबाट सरकार पछि नहटे सशक्त रुपमा सडक आन्दोलनमा उत्रन बाध्य हुने संघको चेतावनी छ ।

तामाङ क्लाकारको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपर तामाङ कलाकार संघको पहिलो वार्षिक साधारणसभा भएको छ ।

शनिबार हेटौंडा-४ स्थित हेटौंडा पार्टी प्यालेसमा संघको साधारणसभा भएको हो। तामाङ कलाकार संघ मकवानपुर अध्यक्ष धिरेन लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रममा नेपाल तामाङ घेदुङ संघ बागमती प्रदेश अध्यक्ष लीलाकुमार घलान, तामाङ घेदुङ संघ मकवानपुर अध्यक्ष कालु लामा, तामाङ पत्रकार संघ मकवानपुर अध्यक्ष जयराम मोक्तान, तामाङ कलाकार प्रकाश तितडलगायत कलाकारहरुको पनि उपस्थिति थियो।

पुरानो नारायणी यातायात कम्पनी प्रा.लि, हेटौंडाद्वारा

सम्पूर्ण यातायात व्यवसायीहरुमा जारी गरिएको हार्दिक अपिल

हाम्रो देशभित्र सामान ओसार पसार गर्ने प्रमुख साधन भनेको ढुवानीका सवारी साधन नै हुन् । मोटर बाटो नपुगेको केही ठाउँमा हवाई मार्ग भएर हुने ढुवानी वाहेक सम्पुर्ण क्षेत्रको ढुवानीको निर्विकल्प माध्यम नै ढुवानीका मोटर गाडी हुन् ।

केही महिना देखि पेट्रोलियम पदार्थको मुल्य पटक पटक बढ्दै गएको छ र अझै मूल्यबृद्धि हुने सम्भावना छ । डिजलको मुल्य बढ्नासाथ मोटर गाडीको खर्च बढ्न जान्छ र स्वभाविक रुपमा ढुवानी भाडा बढाउनु पर्ने हुन्छ । तर, यातायात क्षेत्रमा रहेको अस्वस्थ प्रतिस्पर्धाका कारण नेपाल सरकारले तोकेको ढुवानी भाडा पनि यातायात व्यवसायीले प्राप्त गर्न सकेका छैनन् । बीरगंजदेखि काठमाडौंसम्म ढुवानी गर्ने साधनको अवस्था हेर्ने हो भने पनि यो घाम जस्तै प्रष्ट छ । पछिल्लो पटक २०७८/०३/२९ गते नेपाल सरकारले तोकेको ढुवानी भाडादर अनुसार बीरगंजदेखि काठमाडौंसम्मको प्रति १० टन सामानको ढुवानी भाडा रु. २५,३०४/- (पच्चिसहजार तिनसय चार रुपैंया) रहेको छ । उक्त मितिमा डिजलको मुल्य प्रति लिटर रु. ११९/- थियो, तत्पश्चात डिजलको मुल्यबृद्धि हुदै आएर रु. ११९/- भईसकेको छ । भन्ने नै हो भने, नेपाल सरकारले तोकेको भाडा पनि वर्तमान अवस्थामा अपुग भई सकेको छ तर विडम्बना के छ भने यातायात क्षेत्रको अस्वस्थ प्रतिस्पर्धाका कारण सरकारले तोकेको भाडा पनि व्यवसायीले प्राप्त गर्न सकेका छैनन् ।

तसर्थ, सम्पुर्ण यातायात व्यवसायी महानुभावहरुले सचेत भई स्वस्थ प्रतिस्पर्धाका माध्यमले पेशा गर्नुहुन, सेवा अनुसारको मुल्य (ढुवानीभाडा) लिनुहुन र कम्तिमा पनि नेपाल सरकारले तोकेको ढुवानी भाडा लिएर आफ्नो पेशा संचालन गर्नुहुन यस कम्पनी हार्दिक अपिल गर्दछ ।

हामी, सम्पर्ण व्यवसायीमा अनुरोध गर्न चाहन्छौं तपाईहरुले कुनै पनि हालतमा ओभरलोड ढुवानी नगर्नुहोस् । आफ्नो सवारीको ढुवानी क्षमता (ब्लुबुक क्षमता) भन्दा बढी सामान लोड नगरौं, ओभरलोड ढुवानीका कारण सवारी दुर्घटना अत्यन्तै बढेर गएको छ, जसका कारणले अकालमा जनधनको क्षती भएको छ, हाइवे सडक तथा पुलहरु जीर्ण बनेका छन्, राज्यको ठुलो लगानी रहेको सडकको सुरक्षाका निम्ति पनि ओभरलोड हानिकारक छ र ओभरलोड बोकेको पाइएमा दण्डित हुनुपर्ने तथा जरिवाना तिर्नुपर्ने हुँदा असल व्यवसायी/असल नागरिकको कर्तव्य पालना गर्नुहुन पनि सम्पुर्ण यातायात व्यवसायीहरुमा हार्दिक अनुरोध गर्दछौं । ढुवानीका साधनले हालका दिनमा बिरगंजदेखि काठमाडौंसम्म २ दिनमा १ ट्रिप ढुवानी गरेको देखिएको छ, जसका कारणले सवारी मर्मतमा तथा सवारी चालकलाई आवश्यक पर्ने आरामको लागि समेत समय पुगेको छैन र यसैका कारणले पनि दुर्घटना बढेर गएको छ । दुर्घटनाबाट सुरक्षित हुनका निम्ति ओभरलोड ढुवानी नगर्नुहुन र सुरक्षित हिसाबले बीरगंजबाट काठमाडौं सामान ढुवानी गर्न ३ दिनको समय लाग्ने हुँदा हरेक ३ दिनमा १ ट्रिप (बीरगंज-काठमाडौं) ढुवानी गर्नुहुन सम्पुर्ण यातायात व्यवसायीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

यातायात पेशा सेवा हो, सेवाभाव रहनुपर्छ तर, यसमा लगानी पनि छ । उधोग, व्यापार, व्यवसायमा भएको लगानी र लगानी अनुरुपको प्रतिफलको हिसाब किताब गर्दै गर्दै यातायात क्षेत्रमा पनि सोही अनुरुप हुनुपर्छ । अर्थात लगानी अनुरुपको प्रतिफल लिने कार्यलाई अन्यथा लिइनु हुदैन । उधोगी, व्यापारी र व्यवसायी महानुभावहरुको सामान तोकिएको स्थानसम्म सुरक्षित रुपमा ढुवानी हुनका लागि वा विकृत मानसिकता नहोस् भन्नका खातिर पनि ढुवानीका साधनले उचित ढुवानी भाडा पाउनुपर्नेतर्फ सम्पुर्ण उधोगी तथा व्यवसायी महानुभावहरुमा हार्दिकताकासाथ ध्यानाकर्षण गराउन चाहन्छौं ।

अन्त्यमा, सवारी दुर्घटना न्युनीकरणमा सहयोग गरी दुर्घटनाको जोखिमबाट बच्न र बचाउनुहुन अनुरोध गर्दै नेपाल सरकारले तोकेको ढुवानी भाडा लिई मालसामान ढुवानी गर्नुहुन पुनश्च: हार्दिक अपिल गर्दछौं ।

सरोजकुमार खनाल (प्रबन्ध संचालक)

हिरालाल श्रेष्ठ (अध्यक्ष)

मिति: २०७८ साल कार्तिक १८ गते, आइतबार

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

बागमती प्रदेश जनगणना कार्यालय, हेटौंडा, मकवानपुर

मेरो गणना मेरो सहभागिता राष्ट्रिय जनगणना २०७८

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमा: *www.sajhakuranews.com*

सर्च गर्न नभुल्नुहोला ।

साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**. कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२११११, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल